# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६७) काठमाडौं, वैशाख १८ गते, २०७४ साल (पूर्वातिरिक्ताङ्क १ क+१


## भाग ५

### निर्वाचन आयोगको सूचना

### स्थानीय तह निर्वाचन (पहिलो संशोधन) आचार संहिता, २०७४

प्रस्तावना: स्थानीय तह निर्वाचन आचार संहिता, २०७३ लाई संशोधन गर्नु वाञ्छनीय भएकोले,

निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो आचार संहिता बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस आचार संहिताको नाम "स्थानीय तह निर्वाचन (पहिलो संशोधन) आचार संहिता, २०७४" रहेको छ।

(२) यो आचार संहिता तुरुन्त लागू हुनेछ।

२. स्थानीय तह निर्वाचन आचार संहिता, २०७३ को दफा ४ मा संशोधन : स्थानीय तह निर्वाचन आचार संहिता, २०७३ (यस पछि "मूल आचार संहिता" भनिएको) को दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ :-


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"४. निर्वाचनमा सवारी साधनको प्रयोग : (१) निर्वाचनमा देहायका उम्मेदवारले देहाय बमोजिम सवारी साधन प्रयोग गर्न सक्नेछन्:-

(क) महानगरपालिकाका प्रमुख र उपप्रमुखका उम्मेदवारले निर्वाचन प्रचार प्रसारको लागि बढीमा दुईवटा चारपाङ्ग्रे हलुका सवारी साधन र दुईवटा मोटर साइकल तथा वडा अध्यक्ष तथा सदस्यका उम्मेदवारले एउटा चारपाङ्ग्रे हलुका सवारी साधन र एउटा मोटर साइकल,

(ख) उपमहानगरपालिका र नगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा सदस्य र गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा सदस्यका उम्मेदवारले निर्वाचन प्रचार प्रसारको लागि बढीमा एउटा चारपाङ्ग्रे हलुका सवारी साधन र दुईवटा मोटर साइकल,

(ग) सवारी साधन नचल्ने ठाउँमा बढीमा दुईवटा घोडा ।

(२) उपदफा (१) बमोजिम सवारी साधनको प्रयोग गर्नु अघि उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले त्यस्तो सवारी साधन प्रयोग गर्न अनुमतिपत्रका लागि सम्बन्धित निर्वाचन अधिकृत समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिन सक्नेछ ।



मुद्रण विभाग, सिंहदरबार

१०२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (२) बमोजिम कुनै उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिको निवेदन परेमा निर्वाचन अधिकृतले उपदफा (१) को अधीनमा रही अनुसूची-२ बमोजिमको ढाँचामा सवारी साधनको अनुमतिपत्र जारी गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम एउटा उम्मेदवारको नाममा अनुमतिपत्र प्रदान गरिएको सवारी साधन अन्य उम्मेदवारले प्रयोग गर्नु वा गराउनु हुँदैन ।

(५) उपदफा (३) बमोजिम जारी गरिएको सवारी साधनको अनुमतिपत्रको अभिलेख सम्बन्धित निर्वाचन अधिकृतले राख्नु पर्नेछ ।"

३. <u>मूल निर्देशिकाको दफा ५ मा संशोधन</u> : मूल निर्देशिकाको दफा ५ को उपदफा (२) मा रहेका "निर्वाचन आचार संहिता अनुगमन निर्देशिका, २०७३" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह निर्वाचन आचार संहिता अनुगमन निर्देशिका, २०७४" भन्ने शब्दहरु राखिएका छन् ।

४. <u>मूल निर्देशिकामा अनुसूची थप</u> : मूल निर्देशिकामा देहायका अनुसूची-१ र अनुसूची-२ थपिएका छन् :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**अनुसूची–१**

**(दफा ४ उपदफा (२) सँग सम्बन्धित)**

**सवारी साधनको अनुमतिपत्रको लागि दिने निवेदनको ढाँचा**

श्री निर्वाचन अधिकृत,
निर्वाचन अधिकृतको कार्यालय,
......................... महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका,
......................... जिल्ला ।

विषय : निर्वाचन प्रचार-प्रसारको लागि सवारी साधनको प्रयोग गर्न अनुमति पाउँ ।

.................... .महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिकाको ................................... पदमा .................... राजनीतिक दलका/स्वतन्त्र उम्मेदवार ..............................को तर्फबाट निर्वाचनको प्रचार-प्रसारको लागि स्थानीय तह निर्वाचन आचार संहिता, २०७३ को दफा ४ को अधीनमा रही देहायको विवरण अनुसारको सवारी साधन प्रयोग गर्न अनुमतिपत्रको लागि यो निवेदन पेश गरेको छु ।

सवारी साधनको विवरण

| क्र.सं | सवारी साधनको किसिम | सवारी साधनक. रङ्ग | साधनको नम्बर | सवारी साधनको धनीको नाम |
|---|---|---|---|---|
| १. | जीप/कार<br>थान : | | | |
| २. | मोटरसाईकल<br>थान : | | | |
| ३. | घोडा<br>संख्या : | | | |

उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिको नाम: ....................................

दस्तखत: ....................................

राजनीतिक दल................/स्वतन्त्र उम्मेदवार

मिति: ....................................



२०५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-२

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

निर्वाचन आयोग

**निर्वाचन अधिकृतको कार्यालय**

............................गाउँपालिका/नगरपालिका

जिल्ला......................

**सवारी साधनको अनुमतिपत्र**

सवारी साधन प्रयोग गर्ने उम्मेदवारको नाम, थर :....................

उम्मेदवारको वतन :.................................

उम्मेदवारको राजनीतिक दलको नाम :..................../स्वतन्त्र उम्मेदवार

सवारी साधनको किसिम: जीप/कार/भ्यान/मोटरसाइकल सवारी साधनको दर्ता नं. :................

सवारी साधन धनीको नाम,थर :................................

सवारी साधन धनीको वतन: ...................................

सवारी साधन दर्ता भएको जिल्ला/अञ्चल:..................

अनुमतिपत्र बहाल रहने अवधि: ...................................सम्म ।

कार्यालयको छाप

निर्वाचन अधिकृतको,-

दस्तखत :

नाम :

मिति :

**आज्ञाले,**
**गोपीनाथ मैनाली**
**सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।